नयाँ सहकारी शुभारम्भ। पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२२५०७२
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक




● मकवानपुर, वर्ष-१३, ● अंक-३३ ● २०७७ फागुन १७ गते सोमबार, ● 01 March. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## 'टेन्ट'का प्रहरी घर सरे !



पहिले

◆ विकास संवाददाता

पुस-माघको ठिही, वर्षात्मा त झन पानी चुहिएर रातभर सुत्न सकिन्न। हतियारजति सबै प्लास्टिकले बेरेर पानीबाट जोगाउनु पर्ने। ड्युटी पर्ने त खडा हुन्छन्-हुन्छन् नपर्ने पनि सँधै खडै। विपद्बाट सँधै आफू असुरक्षित भएर काम भने सुरक्षाको गर्नुपर्ने बाध्यता। मकवानपुर थाहा नगरपालिका वडा नंम्बर ४ सिमभञ्ज्याङस्थित प्रहरी चौकीका प्रहरीले यस्तो कष्टकर जीवन विताएको १३ वर्ष भयो।

नागरिकका सुरक्षाका लागि खटिने उनीहरू जहिल्यै असुरक्षित। भएको सानो छाप्रो पनि वि.सं. २०७२ वैशाखको भूकम्पले ध्वस्त भएपछि उनीहरू टेन्टमुनि बस्दै आए।

घाम-पानीले टेन्ट ठाउँठाउँमा च्यातिएर छिया छिया भयो। भात पकाउने टिनको भान्छाघर अस्तव्यस्त भए। यि सबै अवस्था देखेपछि थाहा नगर प्रमुख लवशेर विष्टले सोचे, यो त 'साह्रै' भयो। उनमा एका-एक एउटा भवन बनाइदिने योजना फुर्यो। नगरसभाबाट ठूला योजनाहरू छनोट भैसकेकोले भवन नै बनाउने आँट प्रमुख विष्टमा थिएन। तर, साँझेदारमा भवन बनाइदिने निधो गरे। यसका लागि बागमती प्रदेशको आन्तरिक मामिला तथा योजना मन्त्रालयमा आग्रह गरे। मन्त्रालयले मर्मत संभारको लागि मात्र



अहिले

बाँकी पेज ५ मा

# साना व्यवशायीलाई भरथेग गर्न नगरपालिकाको चालुकोष

विकास संवाददाता
थाहा नगर

मकवानपुर थाहा नगरपालिकाले नगर क्षेत्रका साना विपन्न व्यवशायीहरूलाई महिला सहकारी मार्फत प्रवर्द्धन गर्ने योजना कार्यान्वयनमा ल्याएको छ। नगरपालिकाले विपन्न व्यवसायिकहरूको आर्थिक सशक्तिकरणका लागि यस्तो योजना अघि सारेको हो। थाहानगरको छैठौं नगर सभाले कार्यक्रम संचालन गर्न चालुकोषका लागि बजेट विनियोजन गरी यो कार्यक्रमको थालनी गरेको हो। पालिका क्षेत्रका लक्षित समूहलाई आय आर्जनमा जोडी प्रवर्द्धन गर्न चालुकोषको भूमिका रहने नगरपालिकाका प्रमुख लवशेर विष्टले जानकारी दिए। नगर क्षेत्रमा रहेका महिला सहकारी, सामुदायिक समूह, तथा समितिहरूमा संगठित भएकाहरूलाई आय आर्जनका क्रियाकलापका निम्ति स्रोतका रूपमा आवश्यक पर्ने कर्जा मागलाई टेवा पुर्‍याउन कार्यक्रमले मद्दत मिल्ने प्रमुख विष्टले बताए।

यस किसिमको स्रोत परिचालनका लागि नगरपालिकाले "चालुकोष स्थापना तथा बीउपूँजी परिचालन कार्यविधी २०७५ " पारित गरी कार्यक्रमलाई अघि बढाइएको हो। कार्यविधि निर्माणको दुई वर्षपछि कार्यक्रम कार्यान्वयनमा आएको नगरपालिकाका सामाजिक विवकास शाखा प्रमुख अनिल लामिछानेले बताए। कार्यविधि अनुसार नगरपालिकाले चालु आर्थिक वर्षमा ७ वटा सहकारीलाई १६ लाख रूपियाँ विउ पुँजीको रूपमा चालु कोष रकम वितरण गरेको छ। नगरपालिकाले सहकारीको विपन्न सदस्य संख्याको आधारमा बिऊ पुँजी हस्तान्तरण गरेको शाखा प्रमुख लामिछानेले बताए। लामिछानेका अनुसार-महिला शक्ती बचत तथा ऋण सहकारी संस्था लि. टिष्टुङलाई ३ लाख, कुटेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था थाहा-७ आग्रा र लाली गुराँस महिला बहुउद्देश्यीय सहकारी संस्था थाहा-१ ओखरबजारलाई २ लाख ५० हजारका दरले बिऊपुँजी वितरण गरिएको हो। त्यसैगरी चेतनशील महिला बचत तथा ऋण सहकारी संस्था थाहा-३, थाहा-६ को पुण्यश्री महिला बचत तथा ऋण सहकारी, महिला जागृती महिला बचत तथा ऋण सहकारी संस्था लि. र थाहा-९ को चन्द्रागिरी महिला बचत तथा ऋण सहकारी संस्था लि. लाई २/२ लाखको दरले चालुकोष रकम वितरण गरेको हो। नगरपालिकामा भएको एक कार्यक्रमकाबीच नगर प्रमुख लवशेर विष्टले बिऊ पुँजी रकमको चेक हस्तान्तरण गरेका हुन्।



नगरपालिकाको "चालुकोष स्थापना तथा बीउपूँजी परिचालन कार्यविधी २०७५" अनुसार पालिका अन्तर्गतका निम्न आय भएका समूह/समिति/संस्थामा आवद्ध सदस्यहरूमा चालु कोष रकम सहकारीहरूले परिचालन गर्नुपर्नेछ। पालिकाले स्थापना गरेको चालुकोषमा कार्यविधि अनुसार नगरपालिकावाट विनियोजन हुने कोषको रकम, चालुकोष परिचालन मार्फत प्राप्त हुने साँवा तथा व्याजको रकम, कोष परिचालनका लागि संघ, प्रदेश तथा अन्य निकायवाट प्राप्त हुने अनुदान रकम जम्मा गरिने छ।

त्यस्तै कोष परिचालनका लागि संघ संस्थाबाट प्राप्त हुने रकम पनि यस कोषमा जम्मा गरिनेछ। संस्था वा समूहले नगरपालिकाबाट प्राप्त गरेको रकम कार्यालयले संझौता गरी समूह/समिति/संस्थालाई बीउपूँजी प्रदान गर्दा सुरुमा १ (एक) वर्षको अवधि कायम

बाँकी पेज ५ मा

व्यक्तिगत घटना दर्ता सम्बन्धी जरूरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो। जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं। जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्। जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो। बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

नेपाल सरकारको सूचना !

समयमै श्रम अडिट गरौं।

जिम्मेवार प्रतिष्ठानको परिचय दिऔं।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## • सम्पादकीय •

### खोप सबथोक होइन सतर्कता पनि अपनाऔं

कोरोना संक्रमणका कारण विश्व समुदाय प्रभावित भएको एक वर्षभन्दा पनि बढी भइसकेको छ। सन् २०१९ को डिसेम्बरमा चीनको वुहानबाट शुरु भएको कोरोना संक्रमणले विश्वब्यापी महामारीको रुप लिएपछि विश्व समुदाय नै प्रभावित छ। नेपाल पनि कोरोनाको मारमा परेको छ। अन्य देशको तुलनामा नेपालमा संक्रमित हुनेको संख्या न्यून देखिए पनि यसबाट नेपाली अर्थतन्त्र थिलोथिलो भएको छ। साथै शैक्षिक क्षेत्र पनि नराम्ररी प्रभावित भएको छ। गत वर्षको चैत ११ गतेदेखि नेपालमा लकडाउन घोषणा गरिएको थियो। चार महिना पूर्ण लकडाउन नै भयो भने त्यसपछि पनि विभिन्न चरणमा हुने लकडाउन वा अन्य कारण नेपालको जनजीवन प्रभावित हुने क्रम चलि नै रह्यो। पछिल्लो समय नेपालका सबै क्षेत्र सुचारु भएका छन्। अर्थतन्त्रलगायत प्रभावित क्षेत्रहरु पुरानै लयमा फर्कन अझै धेरै समय लाग्नेछ। अहिले आएर संक्रमणदर घटेको छ भने अग्रभागमा रहेर काम गर्नेहरुलाई एक चरणको खोप लगाइएको छ । यसले आगामी दिनमा संक्रमण रोकिने अपेक्षा गरिए पनि अझै विश्वस्त हुने अवस्था सिर्जना भइसकेको छैन। कोरोना संक्रमितको दर न्यून हुँदै जाँदा हामीले केही कमजोरी पनि गरिरहेका छौं। यसलाई बेलैमा सुधार गर्ने होइन भने फेरि नसोचेको अवस्था पनि आउनसक्छ।

कोरोना संक्रमितको संख्या घटेसँगै स्वास्थ्य सतर्कता अपनाउने क्रम पनि घटेको छ। राजनीतिक गतिविधि वा अन्य कामका लागि भीडभाड सामान्यजस्तै बनिसकेको छ। कोरोना संक्रमणपछि हामीले केही नयाँ संस्कार पनि जागृत भएको छ। यसअघि जुनसुकै उमेर समूहका व्यक्तिबीच पनि हात मिलाउने परम्पराकै रुपमा विकास भइरहेको थियो। यसले समानताको भाव दिए पनि मानव स्वास्थ्यका हिसाबले भने सही थिएन। सबै व्यक्ति सधैं स्वस्थ हुन्छ भन्ने हुँदैन, कुनै संक्रामक रोगबाट ग्रसित रहेछ भने उसँग हात मिलाउने अरुलाई पनि सो रोग सर्न सक्छ। कोरोना संक्रमणपछि हात मिलाउन छाडेर नमस्कार गर्ने मात्र जुन संस्कारको विकास भएको छ, यसलाई निरन्तरता दिनु नै उपयुक्त देखिन्छ।

अहिले आएर सरसफाइ जसरी जीवनशैली बन्दै गएको छ, यो पनि कोरोनाले सिकाएको शिक्षा हो। त्यस्तै धुलोधुवाँ आदिबाट बच्न मास्क लगाउनु उपयुक्त मानिन्छ, यो पनि हामीले कोरोना संक्रमणपछि नै जीवनशैलीको रुपमा अपनाएका छौं। यसलाई अहिले मात्र होइन, कोरोना संक्रमण सकिएपछि पनि निरन्तरता दिनु जरुरी छ। मुख्य कुरा त अब कोरोनाविरुद्धको खोप नै हो। फागुन २३ गतेदेखि दोस्रो चरणको खोप शुरु हुँदैछ। पहिलो चरणमा अग्रभागमा खट्नेहरुलाई खोप लगाइएको छ भने दोस्रो चरणमा ५५ वर्षमाथिका नागरिकलाई खोप दिने तयारी गरिएको छ। पहिलो चरणको खोप कर्मचारी, सुरक्षाकर्मी, जनप्रतिनिधि र सञ्चारकर्मीलगायतलाई लगाइएकाले उनीहरु आफैले पनि यो खोपसम्बन्धी सचेतना अपनाउन सक्थे। तर दोस्रो चरणको खोप जनस्तरमा लगाइने भएकाले यसबारे सचेतना जरुरी छ। त्यसमा पनि अझ जोखिम क्षेत्रमा पर्ने र अरुको सहयोग लिनुपर्ने उमेर समूहका व्यक्तिहरुलाई खोप लगाइने भएकाले सबै ज्येष्ठ नागरिकमा खोप पहुँच पुऱ्याउने, उनीहरुलाई सुरक्षितरुपमा खोप लगाउने वातावरण बनाउने र कुनै प्रभाव देखिए पुनः उपचारका लागि पनि तदारुकता अपनाउनेतिर ध्यान दिनु जरुरी छ। त्यसका लागि स्थानीय तहहरुले ध्यान दिई योजनावद्ध रुपमा कार्य गर्नुपर्नेछ ।


**थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा**

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


**महत्वपुर्ण टेलिफोन नम्बरहरू**

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# शैक्षिक सत्र : महिना पुऱ्याउने कि सिकाइ !



देवीराम आचार्य

कोभिड सामान्य बन्दै गए पछि र खोप लगाउने क्रमसँगै शिक्षण सिकाइ विस्तारै पुरानै लयमा फर्किदै छ । ग्रामीण क्षेत्रमा सबै विद्यालय र कक्षाको पठनपाठन नियमित भैसकेको छ भने शहरी क्षेत्रमा कतिपय ठूला विद्यालयले सावधानी अपनाउँदै जोर विजोर वा कक्षा अनुसार शिक्षण सिकाइ शुरू गरेका छन् र यो अब छिट्टै सामान्य हुने अनुमान लगाउन सकिन्छ ।

दश महिनासम्मको शिक्षण सिकाइमा आएको अवरोधले विद्यार्थीको सिकाइमा के कति क्षति भएको छ, यत्तीकै अनुमान लगाउन कठिन छ । यो लामो अवधिमा विद्यालयमा सिक्ने भाषा, सामाजिक अध्ययन, गणित र विज्ञानका सैद्धान्तिक विषय भन्दा बालबालिकाले केही न केही त सिकेकै छन् तर त्यो हाम्रो शिक्षण सिकाइको लक्ष्यमा समावेश नभएकाले हामीलाई तोकिएका विषयको सिकाइ महत्वपूर्ण लाग्नु स्वभाविक नै हो । औपचारिक विद्यलायको लक्ष्य भनेकै पाठ्यक्रमले तोकेका शैक्षिक उद्देश्यहरू विद्यार्थीमा धेरै भन्दा धेरै हासिल गराउनु हो । यस अर्थमा पाठ्यक्रमले निर्धारण गरेका शैक्षिक उद्देश्य हासिल गराउन सकिएन भने त्यो विद्यालय सफल मान्न सकिदैंन । एक शैक्षिक सत्रमा सिकाउनका लागि निर्धारण गरिएका सबै विषयवस्तु विद्यार्थी समक्ष पुऱ्याउनु र अन्त्यमा त्यसको मूल्याङ्कन गरी तोकिएको मापदण्ड पूरा गरेका विद्यार्थीलाई अर्को कक्षामा लैजानु औपचारिक शिक्षा प्रणालीको एक महत्वपूर्ण काम हो । यस अर्थमा एउटा शैक्षिक सत्रमा वा कुनै पनि कक्षामा विद्यार्थीले के कति सिके वा सिकेनन् भन्नेले औपचारिक शिक्षा प्रणालीमा महत्वपूर्ण अर्थ राख्ने हुनाले नै शैक्षिक सत्रको समयावधि पनि उत्तीकै महत्वपूर्ण हुन्छ । कोभिडको कारणले अवरूद्ध शैक्षिक सत्र लम्बाउने कि नलम्बाउने भन्ने विषय अहिले वहसमा देखिन्छ । यो वहसले केबल विद्यार्थीको समयसँग मात्र चासो राखेको छ, सिकाइसँग यसको कम चासो देखिन्छ । वास्तवमा कोभिडले अवरूद्ध गरेको १० महिनाको सिकाइको क्षति कसरी पूर्ति गर्ने खास कुनै योजना वा रणनीतिहरू देखिएका छैनन् वहस केबल शैक्षिक सत्रको समय वा महिनालाई लम्बाउनेमा देखिन्छ ।

कोभिडको अवधिमा धेरै बालबालिका वैकल्पिक सिकाइमा जोडिन सकेनन् । जोडिएका बालबालिकाले पनि प्रभावकारी रूपमा सिक्न सकेनन् । अनलाइन शिक्षा औपचारिक मात्र हुन पुग्यो । वैकल्पिक सिकाइ भनेको अनलाइन मात्र भन्ने बुझाई बन्यो । केही प्रयासहरू नभएका पनि होइनन् तर ती प्रयासहरूले सिकाइमा सार्थक रूपमा योगदान दिन सकेनन् र सबै बालबालिकालाई समेटन् सकिएन । समेटिएकाहरूलाई पनि प्रभावकारी रूपमा सिकाउन सकिएन । यसका थुप्रै कारण होलान् त्यता नलागौँ तर ध्यान दिनैपर्ने कुरा भने त्यो अवधिमा सिकाइ भयो वा भएन भन्ने महत्वपूर्ण हो । उक्त अवधिमा सिकाइ प्रभावकारी हुन सकेन ।

केही विद्यालयका केही विद्यार्थीले वैकल्पिक सिकाइबाट सिक्न सके त्यो अर्थमा शैक्षिक सत्र लम्बाउनु गलत होला तर ठूलो संख्यामा सामुदायिक विद्यालयका विद्यार्थीको सिकाइ भएकै छैन । शैक्षिक सत्रको पाँच महिनासम्म त धेरै सामुदायिक विद्यालयको औपचारिक सिकाइ शुरू भएकै थिएन । बन्दाबन्दीको कारण शिक्षकहरू विद्यालयसम्म पुग्न नसकिरहेको अवस्था थियो । अझ ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयमा त भौतिक रूपमा विद्यालय नखोल्दासम्म पठनपाठन नै हुन सकेन । त्यति बेला सम्म सात महिना नै बितिसकेको थियो ।

सात महिना बितेपछि खुलेका विद्यालयको ध्यान पठनपाठनमा भन्दा पनि परीक्षामा गयो । पहिला पठनपाठन गरौँ परीक्षा त लिदै गरौला भन्ने तर्फ कसैको ध्यान पुगेन । पालिकाहरूले पनि परीक्षा गर्नमै रूचि देखाए । विद्यालयको ६ घण्टे पठनपाठन भन्दा २ घण्टे परीक्षा बढी उपलब्धि मूलक हुन्छ भन्ने कसरी पुष्टी हुन सक्ला ? कुनै परम्परागत ढाँचामा परिवर्तन गर्ने, नयाँ प्रयोग गर्ने, नवप्रवर्तन गर्ने र सिर्जनात्मताको प्रयोग गर्नेमा हाम्रो शिक्षा प्रणाली त कामयावी छैन नै शिक्षक, प्रधानाध्यापक र शिक्षाका प्रशासक पनि इच्छुक देखिन्नन् । त्यसैले त १० महिना पछि नियमित पठनपाठन शुरू नहुदैँ त्रैमासिक परीक्षाको औपचारिकता पुरा गरियो ।

अधिकांश विद्यालयमा शिक्षण सिकाइ सुरू भएको भए पनि अझ पूर्णत सुरक्षित भएर पुरानै लयमा आइपुगेको छैन । यस अर्थमा औपचारिकताको लागि १।२ महिना मात्र शैक्षिक सत्र लम्बाउनुले विद्यार्थीको सिकाइलाई भन्दा समय पुगेको औपचारिकता मात्र पूरा गर्नेछ ।

थप गरिएको शैक्षिक सत्रमा पनि विद्यालयमा नियमित पठनपाठन हुने, विदाहरू कम गर्ने, कक्षा कोठामा आधारित परीक्षामा जोड दिदै औपचारिक परीक्षा कम गरी सिकाइलाई थप प्रभावकारी बनाउने रणनीति र योजनाहरू तयार गर्ने र शिक्षकहरूलाई उत्प्रेरणा सहित परिचालन गर्नु जरूरी हुन्छ । सामान्य अवस्थामा पनि सिकाइ प्रभावकारी नभएको र कमजोर हुँदै गएको परिवेशमा थप गरिएको शैक्षिक सत्रमा थप मेहनत नगरी नियमित रूपमा मात्र सञ्चालन गर्नु विद्यार्थीको सिकाइका दृष्टिले महत्व राख्दैन । समय भने पूरा हुनेछ ।

यो वर्ष शैक्षिक सत्र यो समयसम्म थप गरिएको वा नगरिएको भन्ने ठूलो वहस र चिन्तनमा नलागेर बालबालिकाले सिक्नु पर्ने न्यूनतम सक्षमता हासिल गराएर माथिल्लो कक्षामा लैजान सक्ने अधिकार विद्यालयलाई दिन पनि सकिन्छ । यसो गर्दा विद्यालयले आफूले पठनपाठन शुरू गरेको समयसँग तुलना गरी योजना निर्माण गरेर यो वर्षको बाँकी अवधि र अर्को शैक्षिक सत्रलाई आफै मिलान गरी योजना तयार गरेर २ शैक्षिक सत्रलाई पूरा गर्न सक्छन् ।

अथवा कुन कुन पालिकामा विद्यालय कहिले खुले, शिक्षण सिकाइको अवस्था के छ ? अब कति समयमा न्यूनतम सिकाइ पूरा हुन सक्छ भन्नेमा पालिकाहरूमै सूचना जानकारी छन् । बाँकी समयमा कस्ता अतिरिक्त योजनाहरू तयार गरेर सिकाइलाई निरन्तरता दिन सकिन्छ र कुन समयबाट विद्यार्थीलाई अर्को कक्षाको शिक्षण सिकाइ गराउने भन्नेमा पालिकालाई नै जिम्मेवारी दिन पनि सकिन्छ ।

> कोभिडले अवरुद्ध गरेको १० महिनाको सिकाइको क्षति कसरी पूर्ति गर्ने खास कुनै योजना वा रणनीतिहरु देखिएका छैनन् वहस केबल शैक्षिक सत्रको समय वा महिनालाई लम्बाउनेमा देखिन्छ ।

केन्द्रबाट देशभरको अवस्थालाई सामन्यीकरण गरि एउटै निर्णय गर्नु भन्दा पालिकालाई दिदाँ अझ थप प्रभावकारी हुन सक्छ । कुनैबेला विद्यालय नखोल भन्ने निर्देशन दिदैँ गएर समय बितेपछि सञ्चालनको निर्णय गर्ने अधिकार पालिकालाई दिएकै हो । यही सिकाइमा आधारमा पनि शैक्षिक सत्रको समय सम्बन्धी निर्णय गर्ने अधिकार पालिकालाई दिन सकिन्छ । पालिकाले आफ्नो क्षेत्रो अवस्था अनुसार २ शैक्षिक सत्र मिलान हुने गरी निर्णय गर्न सक्छन् जुन बढी प्रभावकारी हुन्छ । विद्यालय तहको अन्तिम कक्षा १२ को सन्दर्भमा मात्र केन्द्रबाट कुनै खास प्रकारको निर्णय गरी स्थानीय स्तरमै शैक्षिक सत्र मिलान गर्ने जिम्मेवारी दिदाँ बालबालिकाहरूको सिकाइको क्षति न्यूनीकरण हुन सक्छ ।

यदि पालिकागत वा विद्यालयगत रूपमा यो काम नगरी केन्द्रबाट तोकियो भने धेरै विद्यार्थीको सिकाइको क्षति परि पूर्ति हुन सक्ने अवस्था पनि हुदैंन र विद्यालय तथा पालिकाहरूले पनि न्यूनतम सिकाइ हासिल त भएको थिएन तर केन्द्रले यस्तै निर्णय गर्यो भन्ने बहाना बनाउने काम मात्र हुन्छ । पालिकालाई यस्तो निर्णय गर्ने अधिकारले जवाफदेहिता, जिम्मेवारीबोध र वास्तविक आवश्यकता अनुसार शैक्षिक सत्र मिलान हुन संभव छ र सिकाइको क्षति परिपूर्ति हुन सक्छ ।

संघीयताको असल अभ्यास पनि हुनेछ र बालबालिकाको सिकाइमा थप टेवा पुग्नेछ । अधिकार दिन र लिन दुवै तयार हुनु जरूरी छ । स्थानीय सरकारले गर्ने निर्णयले बालबालिकाको सिकाइमा पुगेको क्षति न्यूनीकरणमा सहयोग पुग्ने छ ।

*(आचार्य, काठमाडौं विश्वविद्यालय स्कूल अफ एजुकेशनमा विद्यावारिधिको शोध गर्दै छन् ।)*

# मिर्गौलामा संक्रमणको सामान्य लक्षण



मिर्गौलाको समस्या दिनप्रतिदिन बढ्दो छ । खासगरी खराब दिनचर्या र खानपानले मिर्गौलामा अनेकन समस्या देखापर्न थालेका छन् ।

खानपानको गलत बानीले मिर्गौलाको कार्यसम्पादनलाई प्रभावित गर्छ र विषाक्त पदार्थहरू बाहिर निकाल्नबाट रोक्छ । यस्तोमा हाम्रो शरीरले पनि हाम्रो मिर्गौलामा संक्रमण छ भनेर केही स्पष्ट संकेत दिन्छ ।

**बारम्बार पिसाब आउने**

यदि धेरै तरल पदार्थहरूको सेवन नगरेको अवस्थामा पनि तपाईंलाई बारम्बार पिसाब फेर्न जानुपर्छ भने यो मिर्गौलामा संक्रमणको स्पष्ट संकेत हो । ब्याक्टेरियाहरूले किड्नीमा हस्तक्षेप गर्नाको कारण यस्तो हुन सक्छ । तपाईंलाई लगातार पिसाब गर्न जाने इच्छा महसुस हुन्छ ।

**पिठ्युँमा दुखाई**

मिर्गौला सुन्निने र संक्रमणको कारण पिठ्युँको दुखाई हुन सक्छ । यदि तपाईंको पिठ्युमा अचानक दुखाई महसुस हुन्छ भने यसलाई नदेखेको जस्तो नगर्नुहोस् । लामो समयसम्म पिठ्युँमा दुखाई भएमा यसले किड्नीमा गम्भिर इन्फेक्सनको संकेत दिन्छ ।

**पिसाबमा रगत आउने**

पिसाबमा रगत आइरहेको छ भने यो मिर्गौलामा संक्रमणको लक्षण हुन सक्छ । पिसाबमा रक्तश्राव कम हुन सक्छ तर यसलाई बेवास्ता नगर्नुहोस् । यो किड्नी सुन्निने कारण पनि हुन सक्छ ।

**पिसाब फेर्दा दुखाई**

पिसाब फेर्दा पोल्ने र दुखाई महसुस हुनु पनि मिर्गौला संक्रमणको संकेत हुन सक्छ । मानिसहरू अक्सर यसलाई बेवास्ता गर्छन् तर तपाईले तुरून्त डाक्टर सँग भेट्नुपर्छ । यो मिर्गौला र मुत्राशय सुन्निने कारण पनि हुन सक्छ ।

**पिसाब गर्दाको समयमा गन्ध**

सामान्य अवस्थामा पिसाबबाट असामान्य गन्ध आउँदैन । यदि अचानक पिसाबबाट अजीव गन्ध आएको जस्तो तपाईंलाई लाग्यो भने यसलाई नदेखेको जस्तो नगर्नुहोस् । यो मिर्गौलामा इन्फेक्सनको कारण हुन सक्छ यस्तो भएमा डाक्टरसँग तुरून्त भेट्नुपर्छ । मिर्गौलाको समस्या दिनप्रतिदिन बढ्दो छ । खासगरी खराब दिनचर्या र खानपानले मिर्गौलामा अनेकन समस्या देखापर्न थालेका छन् ।

# नुहाउँदा ध्यान दिनुपर्ने ७ कुरा

स्वस्थ रहनका लागि हरेक दिन नुहाउन जरूरी छ । दिनहुँ नुहाउने गर्दा शरीरमा फूर्ति आउँछ। सफासुग्घर रहनुका साथै विभिन्न किसिमका संक्रमण तथा रोगबाट पनि बच्न सकिन्छ । नुहाउँदा केही कुरा ध्यान दिन भने जरूरी छ । नत्र त्यसले शरीरमा थप हानी पुऱ्याउन सक्छ ।

**गलत साबुनको प्रयोग नगर्ने**

नुहाउनका लागि प्रयोग हुने साबुनमा तेल र क्लींजरको मात्रा हुनुपर्छ । गलत साबुनको प्रयोगले छालासँग सम्बन्धित समस्या नित्याउन सक्छ ।

**सफा तौलियाको प्रयोग**

नुहाउँदा प्रयोग हुने तौलिया पनि समयसमयमा धोइरहनुपर्छ। तौलियालाई दिनहुँ घाममा सुकाउनुपर्छ । हप्तामा कम्तीमा २ पटक तौलिया धुनुपर्छ। पहिल्यै चिसो चिसो वा भिजेको तौलिया प्रयोग गर्नु हुँदैन ।

**नुहाउनु अघि र पछि बाथरुमको भेन्टिलेसन खुला राख्ने**

बाथरूममा नुहाउनु अघि र नुहाइसकेपछि अनिवार्य रूपमा झ्याल तथा भेन्टिलेसन खुला राख्नुपर्छ । बाथरूममा हावाको आवतजावत राम्रो हुनुपर्छ ।

**अत्याधिक तातो पानी प्रयोग नगर्ने**

खासगरी जाडो महिनामा नुहाउँदा तातो पानी प्रयोग गरिन्छ। तर, अत्याधिक तातो पानीले छालामा इन्फेक्सन हुने, छाला सुक्खा हुने जस्ता समस्या देखिन सक्छ ।

**कपालमा दैनिक स्याम्पु नगर्ने**

दिनहु कपालमा स्याम्पु प्रयोग गर्नाले कपालको चमक हराउन सक्छ। कपाल सुक्खा हुने सम्भावना पनि हुन्छ । स्याम्पु प्रयोग गरेपछि कन्डिशनर पनि प्रयोग गर्न जरूरी छ ।

***यी ठाउँमा साबुन नलगाउने***

काखी, कम्मर, पैताला, प्राइभेट पार्ट र अनुहारमा धेरै साबुन प्रयोग गर्नु हुँदैन ।

**घाउ नछोप्ने**

यदि शरीरमा कुनै घाउ वा चोटपटक लागेको छ भने नुहाउने समयमा छोप्नु हुँदैन ।

# यो होनि त स्मरण क्षमता बढाउने तरिका

कुनैपनि पाठ वा पुस्तक पढेपछि त्यसलाई हामी कति लामो समयसम्म स्मरण गर्न सक्छौं ? यो मान्छेको आफ्नो क्षमतामा भर पर्छ । साथसाथै उसले कसरी सो पाठ पढेको छ वा पढ्ने विधी अपनाएको छ भन्ने कुराले पनि यसमा अर्थ राख्छ ।

जबकी हामीमध्ये धेरैले सही ढंगको पठन विधी अपनाइरहेका हुँदैनौं । शिक्षक वा आमाबुवाले पनि सही ढंगले पढाउन वा बुझाउन सकिरहेका हुँदैनन् । कसरी पढ्दा त्यसलाई सजिलो ढंगले स्मरण गर्न सकिन्छ ? सही विधी के हो ? पढेको पाठलाई राम्ररी स्मरण गर्नका लागि अनेक विधी खोजिएको छ ।

मनोविज्ञानको एक प्रख्यात पत्रिकाले पढ्ने सहि र गलत तरिकाको बारेमा परिक्षण गरेको छ ।

**दोहोऱ्याएर पढौं**

तपाईं नयाँ शब्द सिक्ने कोसिस गरिरहनुभएको छ भने धेरैले अपनाउने सबैभन्दा आम रणनीति हो मुखमा नभुण्डिएसम्म रटान लगाएर घोक्ने ।

तर, मनोवैज्ञानिक यो तरिका ठिक होइन । रटान लगाएपनि हाम्रो दिमागले यी कुराहरूलाई सुरक्षित रूपमा भण्डारण गरेर राख्न सक्दैन ।

**केही समयको अन्तरमा पढ्ने**

तपाईं कुनै किसिमको विषय वा पाठलाई याद राख्न चाहनुहुन्छ भने उक्त लेख, शब्द वा पाठलाई थोरै थोरै अन्तर पछि मात्रै दोहोर्याएर पढ्नुहोस् । यसले तपाईंको स्मरणशक्ति ताजा रहन्छ । कुनै पुस्तकको एक अध्याय पढ्नुहोस् र फेरि केही समय अरू पढ्नुहोस् ।

केहि अन्तराल पछि फेरि पहिले पढेको पाठ पढ्नुहोस् । यो अन्तर एक घन्टा, एक दिन वा एक साताको हुन सक्छ । पढिसकेपछि आफूले पढेको कुरा कति सम्झिँए भनेर आफैले परिक्षा लिन सक्नुहुन्छ । यसो गर्नाले तपाईंको दिमाग उक्त विषयसँग कैयौं पटक आमने सामने हुन्छ ।

**मूख्य बुँदालाई अन्डरलाइन गर्ने**

दोस्रोपटक पढ्ने वा रटान लगाउने तरिका जस्तै यो रणनीति पनि धेरै नै नै आम हो । यो उपायमा कुनै खराबी छैन ।

पढ्ने बेलामा तपाईंलाई जुन कुराः शब्द वा वाक्य महत्वपूर्ण लाग्छ त्यसलाई चिन्ह लगाएर अण्डरलाईन वा हाइलाइट गर्नुहोस् ।

तर, मनोविज्ञान भन्छ यो उपाय धेरैजसो समय तपाईको लागि उपयोगी हुँदैन । धेरै छात्रछात्राहरूले त पुरा प्याराग्राफ नै अण्डरलाईन गर्छन् । उनीहरू महत्वपूर्ण वाक्य र कम महत्वपूर्ण वाक्यमा फरक नै छुट्याउन सक्दैनन् ।

**रोकेर मनन गर्ने**

कुनै पनि पुस्तक एक पटक पढेपछि त्यसको जुन हिस्सा तपाईंलाई महत्वपूर्ण लाग्छ त्यसलाई अण्डरलाईन गर्न वैज्ञानिकहरूले सल्लाह दिन्छन् ।

तर, दोस्रोपटक पढेर यो काम गर्नुभयो भने तपाईंलाई दोस्रोपटक त्यसै विषयमा सोच्ने मौका मिल्नेछ । तपाईं बेफिक्रि भएर हरेक वाक्यलाई अण्डर लाईन गर्नबाट बच्नुहुन्छ । त्यसैले महत्वपूर्ण भाग मात्रै विचार गर्नुहोस् ।

**नोट बनाउने**

तपाईं कुनै पनि क्लासरूम वा लाइब्रेरीमा जानुहोस् । धेरै जसो छात्रछात्राहरू नोट बनाउँदै गरेका देखिन्छन् । धेरै विद्यार्थीहरूले अति उत्साहमा फाल्तु कुराहरू पनि नोट गर्ने गर्छन् । तर, पछि ती नोटहरू कुनै कामको हुँदैन । त्यसैले आवश्यक कुराहरूमात्रै नोट बनाउनुहोस् ।

छात्रछात्राहरूले जति कम नोट बनाउँछन त्यति नै उनीहरूलाई पढेको कुराहरू याद हुन्छ भन्ने कुरा विभिन्न किसिमले साबित भएको छ । किनभने जब तपाईं पढेको कुनै अध्यायलाई नापतौल गरेर शब्दमा नोटको रूपमा लेख्नुहुन्छ तब तपाईंलाई गहिराईमा गएर सोच्नुपर्छ । शब्द र वाक्यलाई नयाँ तरिकाबाट सम्झिनुपर्छ ।

यसो गर्दा तपाईंको दिमागले पढेको कुराहरूलाई दोस्रोपटक याद गर्छ । महत्वपूर्ण कुराहरूलाई स्टोर गर्छ । अक्सर कागजमा कलमले नोट बनाउनु धेरै फाइदाकारी हुन्छ । ल्यापटप वा कम्प्युटरमा टाइप गरेर नोट बनाउनु पाठहरू स्मरण गर्ने त्यति प्रभावकारी तरिका होइन ।

**आउटलाइन बनाउने**

धेरै शिक्षकहरूले आफ्नो छात्रछात्रालाई कुनै पनि पाठको एक खाका तयार बनाउन भन्छन् । कुनै पनि विषयको कुन महत्वपूर्ण कुरालाई पछि गएर पढ्न र याद राख्नुपर्छ ।

शिक्षकहरूले कैयौंपटक यो काम आफै गर्छन् र कैयौंपटक छात्रछात्राहरूसँग पनि गराउँछन् । आउटलाईन वा खाका तयार गर्नाले छात्रछात्राहरूलाई विषय सम्झिन मद्धत पुग्छ ।

**विषयको गहिराई बुझ्ने**

पहिले एक सामान्य खाका तयार गर्नुहोस् र फेरि विषयको गहिरो कुराहरूलाई त्यसमा टिपोट गर्नाले याद राख्न सजिलो हुन्छ । यसले विषय सम्झिन पनि धेरै सजिलो हुन्छ ।

तपाईं कुर्नै पनि लेक्चरको महत्वपूर्ण मुद्दाहरूलाई बुलेट प्वाइन्ट तयार गर्न सक्नुहुन्छ । याद राख्नुहोस् जति कम शब्दमा लेख्नुहुन्छ त्यति नै पछि याद गर्न सजिलो हुन्छ ।

**आफ्नै जाँच लिने**

जुन कुनै पाठ पढेका हुन्छन् त्यसलाई धेरै विद्यार्थीहरूले आँफैसँग परिक्षा लिएर कत्तिको तयारीलाई भएको छ त्यो बुझ्ने गर्छन् । तथ्यहरूलाई कति गहिराइले सम्झिएको छ यो थाहा पाउनको लागि आँफै प्रश्न गर्छन । यसले स्मरणशक्ति बढ्छ र, पछि परिक्षामा अझै राम्रो गर्न सकिन्छ ।

धेरै मानिसहरू उनीहरूको दिमागको सम्झिने सीमा कति छ भनेर थाहा पाउँदैनन् । उनीहरू आँफैलाई धेरै स्मार्ट सोच्छन् । जबकी वास्तविकतामा उनीहरू त्यति चतुर हुँदैनन् । अति आत्मविश्वासबाट सबैजना बच्नुपर्छ ।

हामी जे पढ्छौं त्यसको एक ठूलो भाग समयसँगै पछि भुल्न सक्छौं । यसैले कुनै पाठ पढेको केही अन्तराल पछि नै आँफैलाई दोस्रोपटक जाँच गर्नुहोस् र विचार गर्नुहोस् साँच्चै नै याद भएको छ कि छैन ।

*-बिबिसीबाट अनुवाद*

# दाम्पत्य सम्बन्ध कमजोर बन्ला है !

सम्बन्ध जोड्न जति सजिलो हुन्छ, उत्तिनै कठिन हुन्छ यसलाई कुशलतापूर्वक निर्वाह गर्न । दाम्पत्य सम्बन्धमा जोडिनुको अर्थ यो होइन कि श्रीमान-श्रीमती सधै एकसाथ रहोस् । महत्वपूर्ण कुरा त के भने उनीहरूको सम्बन्ध कति मिठासपूर्ण छ ।

श्रीमान र श्रीमतीले आफ्नै छुटै परिवारको रचना गर्छन् । घर परिवार प्रतिको जिम्मेवारी, उत्तरदायित्व वहन गर्छन् । घर-व्यवहार कसरी चलाउने, पारिवारिक मूल्यलाई कसरी बचाउने भन्ने कुरामा उनीहरू सधै जागरूक र सर्तक हुन्छन् ।

यद्यपि कपितय कुराले श्रीमान र श्रीमतीबीच असमझदारी पैदा गर्छ । उनीहरूबीच विश्वासको वातावरण कमजोर हुँदै जान्छ । एकअर्काको सहयोग र भरोसा कमी हुँदै जान्छ । अन्ततः दाम्पत्य कलह सुरू हुन्छ ।

**रसरंगको कमी**

अहिलेका धेरैजसो कामकाजी दम्पती छन् । उनीहरू आ-आफ्ना क्षेत्रमा काम गर्छन् । पारिवारिक व्ययभार बढेकाले पनि उनीहरूलाई आयआर्जनको काममा लाग्नुपर्ने अवस्था छ । यस्तो पृष्टभूमीमा दम्पतीले एकअर्कासँग रमाइलो गर्ने, ख्यालठट्टा गर्ने, अन्तरंग कुराकानी गर्ने समय पाइरहेका हुँदैनन् वा त्यस्ता कुरामा ध्यान दिइरहेका हुँदैनन् । यसले गर्दा उनीहरूले आपसमा भावना साझेदार गर्न पाउँदैनन् । एकअर्काको रूची र भावना बुझ्न पाउदैनन् । नतिजा, उनीहरूको भावनात्मक सम्बन्ध कमजोर हुँदै जान्छ ।

**पूर्णताको खोजी**

अक्सर श्रीमान वा श्रीमतीले आफ्ना पार्टनर सबैकुरामा परिपूर्ण भएको हेर्न चाहन्छन् । अझ कतिपयले त आफ्नो सोच अनुसार नै आफ्नो पार्टनर पनि पूर्ण हुनुपर्छ भन्ने ठान्छन् । तर, सबै मान्छे सबै कुरामा पोख्त वा पूर्ण हुँदैनन् । मान्छेको कुनै न कुनै कमी कमजोरी हुन्छ । जब हामी कसैमा पूर्णता खोज्छौं, समस्या त्यहीँबाट सुरू हुन्छ ।

कुनैपनि श्रीमान वा श्रीमतीले आफ्ना पार्टनर हरेक कुराले परिपूर्ण होस् भन्ने चाहन्छन् भने उनीहरूको त्यस्तो अपेक्षाले सधै दुःखी तुल्याउँछ । अन्ततः यसले उनीहरूको सम्बन्ध क्रमस कमजोर हुन थाल्छ ।

**संवादको कमी**

श्रीमान र श्रीमती आ-आफ्नै कामधन्दामा व्यस्त हुन्छन् । उनीहरू एकअर्कासँग भलाकुसारी गर्न पाउँदैनन् वा त्यस्तो अनुकुलता मिलाउँदैनन् । यदि यस्तो प्रवृत्ति छ भने यसले समस्या ल्याउँछ ।

घर परिवारको स्थिती के छ, आर्थिक व्यवस्थापन कसरी हुँदैछ, बालबच्चाको अवस्था के छ आदि कुराबारे श्रीमान र श्रीमतीबीच संवाद हुनुपर्छ । त्यती मात्र होइन, नितान्त उनीहरू स्वयम्को रूची, इच्छा, आकंक्षाबारे पनि कुराकानी हुनुपर्छ । यसले गर्दा दुबैले एकअर्काको भावना बुझ्न पाउँछन् । पारिवारिक अवस्थाबार जान्न पाउँछन् । जब संवादको कमी हुन्छ, उनीहरूको दुरी बढ्दै जान्छ ।

**अति निगरानी उचित हुन्न**

आफ्नो सम्बन्धमा थोरै स्पेश पनि दिनुपर्छ । एकअर्कालाई धेरै नियन्त्रण गर्ने, निगरानी गर्ने बानी पनि राम्रो होइन । आ-आफ्नो सौख, रूची अनुसार केही गर्न दुबैलाई छुट हुनुपर्छ । श्रीमान वा श्रीमतीले आ-आफ्नै ढंगले निजी समय पनि व्यतित गर्न पाउनुपर्छ ।

# नेकपा हेटौंडाको सपथ ग्रहण




◆ विकास संवाददाता

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) हेटौंडा उपमहानगरपालिका कमिटीको सपथ ग्रहण कार्यक्रम सम्पन्न भएको छ । नगरकमिटी अध्यक्ष शालिकराम पुडासैनी र सचिव बोल बहादुर कार्की र हेको १ सय ६० भन्दा बढी सदस्य नगर कमिटीको सपथ ग्रहण कार्यक्रम सम्पन्न भएको हो ।

हेटौंडामा भएको कार्यक्रममा उनीहरूलाई नेकपा केन्द्रिय सदस्य तथा बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले सपथ ग्रहण गराएका हुन् । २ सय ३५ सदस्य नगरकमिटी विस्तारको प्रक्रिया समेत अगाडी बढाएको नगरकमिटीका अध्यक्ष पुडासैनीले बताए ।

नेकपा नगरकमिटी अध्यक्ष पुडासैनीको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा केन्द्रीय सदस्य तथा संविधानसभा सदस्य अनन्त पौडेल, केन्द्रीय सदस्य रघुनाथ खुलाल, केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य जुनेली श्रेष्ठ, मकवानपुरका अध्यक्ष एकलाल श्रेष्ठ, जिल्ला सचिवालय सदस्य नबिन सिग्देल, जिल्ला सदस्य राम कुमार पुडासैनी लगायतको सहभागीता रहेको थियो ।

नेकपा ओली समुहको गत माघ ८ को बैठकले नेकपा हेटौंडा उपमहानगर पालिका कमिटीका प्रचण्ड–नेपाल समुहका अध्यक्ष रघु आचार्य र सचिब तिर्थबहादुर थापालाई पदबाट हटाउँदै अध्यक्षमा पुडासैनी र सचिवमा कार्कीलाई चयन गरेको थियो ।

# 'अध्यक्षमा न्यौपानेको उमेद्वारी




◆ विकास संवाददाता

नेपाल उद्योग बाणिज्य महासंघका पुर्व केन्द्रीय सदस्य तथा मकवानपुर उद्योग बाणिज्यसंघका निवर्तमान अध्यक्ष राजकुमार न्यौपानेले उमेदवारी घोषणा गरेका छन् ।

हेटौंडामा पत्रकार सम्मेलन गर्दै व्यावसायीको हितका लागि उद्योग बाणिज्यसंघको जिल्ला अध्यक्ष पदमा उमेदवारी घोषणा गर्नु भएको हो । आगमी चैतमा हुने निर्वाचनमा अध्यक्ष पदमा उमेदवारी दिन लागेको उनले जानकारी गराए । जिल्लामा निषधको राजनीति धेरै भएकाले आफुले उमेदवारी दिनुपरेको न्यौपानेको भनाइ थियो ।

व्यावसायीलाई कठिनाइ पर्दा हरेक तवरले आफुले सहयोग गर्ने उनले बताए । हेटौंडामानै अर्को औद्योगिक क्षेत्र समेत निर्माण हुन लागेकाले यहाँ उद्योगहरू धेरै भित्रयाउनुपर्ने बताए । आफुले अध्यक्ष पदमा कसैलाई पनि सहयोग नगर्ने र जित हारको फैसला मकवानपुरका व्यावसायीहरूले उमेद्वार न्यौपानेको भनाइ रहेको थियो ।

उपभोग्य सामाग्री खरिद गर्दा
उपभोग मिति अनिवार्य हेरौं ।

# हेटौंडामा अर्को औद्योगिक क्षेत्र

◆ विकास संवाददाता



वर्षौंदेखि चुरेजंगल हुँदै हेटौंडा-१३ को मयुरधापमा बग्ने खहरेले धार परिवर्तन गरेसँगै बुट्यानले ढाकेको तर ठूला रूख नभएको समथर जग्गामा हेटौंडाको दोस्रो औद्योगिक क्षेत्र स्थापना थालिएको छ ।

शिलान्यास भएको एक महिनाभित्र उद्योग स्थापनाका लागि आशयपत्र आह्वान गरिने, पत्रका आधारमा ६ महिनाभित्र उद्योगीलाई चाहिने न्यूनतम् पूर्वाधारहरू अस्थायी सडक, बत्ती र पानी व्यबस्थापन गरी औद्योगिक क्षेत्र र उद्योगीले सँगसँगै आआफ्ना पूर्वाधार निर्माण कार्य थालनी गरी २ वर्षभित्र सम्पन्न गरेर उद्योग सञ्चालनमा ल्याउने बताइएको छ । ५ वर्षभित्र औद्योगिक क्षेत्र व्यबस्थापनले सम्पूर्ण पूर्वाधार निर्माणसम्पन्न गरिसक्ने लक्ष्य छ ।

औद्योगिक क्षेत्रमा उद्योगलाई आकर्षण र विकासका लागि न्यूनतम् ५ वर्षका लागि जग्गाको भाडामा पूर्णछुट र १० वर्षपछिमात्र पूर्णरूपमा भाडादर कायम हुनेछ । उद्योगले खपत गर्ने पानीमा सहुलियत व्यबस्था गरिनेछ । बत्ती खपतका आधारमा छुट दिने व्यबस्थाका लागि नेपाल सरकारसमक्ष अनुरोध गरिनेछ ।

औद्योगिक क्षेत्रका उद्योगलाई आवश्यक कच्चापदार्थ मिल/मेसिनरी पैठारी गर्दा भन्सारमा लाग्ने विलम्ब शुल्क नलाग्ने कार्यका लागि पहल गरिनेछ । औद्योगिक क्षेत्रका जग्गामा उद्योग गर्दा बैंकबाट ऋण लिन उद्योगीलाई कठिन परिरहेको अवस्थालाई मध्यनजर गर्दै कर्जाप्रवाह सरलीकरण गरिने बताइएको छ ।

सबभन्दा पहिले जग्गा नापजाँच र लालपुर्जा पाएको उक्त औद्योगिक क्षेत्रको काममा ढिलाइ भइरहेको आरोप चिर्दै शुक्रबार शिलान्यास गरिएको छ । हेटौंडामा २०२० सालमा स्थापना भएको अर्को औद्योगिक क्षेत्र पनि छ । अमेरिकी सर कारको सहयोगमा त्यसबेला हेटौंडा औद्योगिक क्षेत्र स्थापना भएको थियो ।

हेटौंडा उपमहानगर-१४ मा रहेको एकसय ३५ हेक्टर क्षेत्रफलमा सरकारले औद्योगिक क्षेत्र बनाउन लागेको हो । औद्योगिक क्षेत्रका लागि ऐलानी जग्गाको भोगाधिकार औद्योगिक क्षेत्र व्यबस्थापन लिमिटेडले पाइसकेको छ । उक्त औद्योगिक क्षेत्र हेटौंडा बजारबाट करिब ७ किलोमिटर टाढा पर्दछ भने हेटौंडा-पथलैया सडकको पशुपतिनगरबाट करिब ३ किमि पश्चिममा छ । उक्त क्षेत्रमा औद्योगिक क्षेत्र बन्ने भएपछि मयुरधाप, बँदेलधाप, कालोपानी, पदमपोखरीको रातोमाटे डाँडाका स्थानीय खुशी छन् ।

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनसार मयुरधापको चुरेबन र सोवरपरको खाली जग्गासमेतलाई ओगट्ने गरी ३ सय बिगाहा जग्गामा मयुरधाप औद्योगिक क्षेत्र घोषणा भएको हो । २०७२ चैत १ गतेको मन्त्रिपरिषद् बैठकले मयुरधापमा नयाँ औद्योगिक क्षेत्र बनाउने गर्ने निर्णय गरेको थियो । मन्त्रिपरिषद् निर्णयले २०७३ साउन ६ गते औद्योगिक क्षेत्र स्थापना गर्ने जग्गाको लालपूर्जा मयुरधाप औद्योगिक क्षेत्रका नाममा गरेको थियो ।

औद्योगिक क्षेत्र तयारीका लागि करिब साढे सात अर्ब खर्च अनुमान गरिएको छ । डीपीआर तयारीपछि मुद्रण विभागले नोट छाप्ने उद्योग स्थापनाको सम्झौता गरेपछि बाँकी जमिनलाई चार देखि १४ रोपनीसम्मका गरी ६३ वटा प्लटमा विभाजन गरिएको छ । औद्योगिक क्षेत्र स्थापनाका लागि सरकारले दुई वर्षदेखि बजेट विनियोजन गरिरहेको छ । तर, पर्याप्त काम हुन नसक्दा बजेट फ्रिज हुने गरेको छ । चालु आवमा पनि संघीय सरकारले करिब ३१ करोड रूपियाँ मयुरधाप औद्योगिक क्षेत्रका लागि छुट्याएको छ ।

बिस्तृत परियोजना प्रतिवेदन सम्बन्धि कार्यका रूपमा उद्योग स्थापनाका लागि आशयपत्र माग गर्दा २ सय ५० वटा आशयपत्र परेका थिए । नेपाल सरकारको मन्त्रिस्तरीय निर्णयबमोजिम सुरक्षण मुद्रण विभागलाई मुद्रण प्रेस स्थापना गर्न २ सय ५० रोपनी जग्गा उपलब्ध गराइएको छ । उक्त क्षेत्रमा हेलिप्याड, सशस्त्र गण, पेट्रोल पम्प, बिजुली स्टेसन, हेभी गाडी पार्किङ, वाटर ट्यांक, स्टाफ क्वार्टर, ल्याबलगायत संरचना निर्माण गरिने जनाइएको छ ।

हालै भएको सार्वजनिक सुनुवाइमा स्थानीयले औद्योगिक क्षेत्रमा रहेका उद्योगमा स्थानीयलाई प्राथमिकता हुनुपर्ने, वातावरणमैत्री उद्योग सञ्चालनका लागि आवश्यक प्रवन्ध मिलाउनु पर्नेलगायत माग राखेका थिए । सार्वजनिक सुनुवाइमा आएका स्थानीयको माग र धारणा सम्बोधन गर्न आवश्यक पहल गरिने बताइएको छ । शुक्रबार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टले भूमिपुजन गर्दै औद्योगिक क्षेत्र शिलान्यास गरेका छन् । मन्त्री भट्टले राजनीतिक स्थिरता नभएसम्म औद्योगिक क्षेत्रको विकास नहुने बताए । विकास र निर्माणको लागि राजनीतिक स्थिरता हुनुपर्नेमा भन्दै उनले घरभित्र नै 'प्रतिपक्ष' को भूमिका खेल्नेहरूको हाबी भएपछि केही अप्ठ्यारा उत्पन्न भएको गुनासो गरे ।

मन्त्री भट्टले अर्थतन्त्रलाई गतिशील र आत्मनिर्भरउन्मुख गराउन संघीय सरकारले प्रत्येक प्रदेशमा नयाँ औद्योगिक क्षेत्रको विस्तार गर्न लागेको बताए । मन्त्री भट्टले निर्यातमुखी उद्योगलाई आत्मनिर्भर बनाउन भन्दै संघीय सरकारले प्रत्येक प्रदेशमा औद्योगिक क्षेत्र विस्तार गर्न लागेको बताए । उनले यसका लागि मौजुदा ऐन/कानुन परिमार्जन गरी उद्योगलाई अघि बढाउने सरकारको लक्ष्य रहेको बताए ।

प्रदेश सरकारका मुख्यमन्त्री डोर मणि पौडेलले हेटौंडालाई औद्योगिक नगरका रूपमा विकास गरिने बताउँदै उद्योगको नाममा जग्गा ओगट्नेमात्र नभएर उद्योग नै सञ्चालन गरी अर्थतन्त्र विकासमा लाग्न आग्रह गरे ।

राष्ट्रिय योजना आयोग उपाध्यक्ष डा. पुष्पराज कँडेलले निर्यातमुखी नभएसम्म मुलुकमा आर्थिक परिवर्तन नहुने बताए । औद्योगिक क्षेत्र व्यबस्थापन लिमिटेड अध्यक्ष नन्दकिशोर बस्नेतले ६ महिनाभित्र बिजुलीसहित संरचना निर्माण गरिने जानकारी दिए । निर्माण कार्य यथाशीघ्र प्रारम्भ गर्ने लक्ष्य रहेको हेटौंडा औद्योगिक क्षेत्र प्रवन्धक राजेन्द्रप्रसाद कँडेलले बताए ।

औद्योगिक क्षेत्रमा २०७५ कात्तिक ५ गतेदेखि परियोजना कार्यालय स्थापना गरिसकिएको छ । औद्योगिक क्षेत्रमा विभिन्न उद्योग स्थापना गरी सञ्चालन हुँदा प्रत्यक्ष/परोक्ष गरी करिब १० हजार जनाले रोजगारीको अवसर प्राप्त गर्ने बताइएको छ ।

मन्त्री भट्टले मयुरधाप औद्योगिक क्षेत्र स्थापनाका लागि योगदान गर्ने संविधानसभा सदस्य अनन्तप्रसाद पौडेललाई दोसल्ला ओढाएर सम्मान गर `का थिए । उद्योग संघ मकवानपुर अध्यक्ष लेखराज पोखरेल, वडाध्यक्ष दीपक खड्का र जिल्ला समन्वय समिति मकवानपुर प्रमुख रघुनाथ खुलाललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

## 'टेन्ट'का प्रहरी.. .

धेरथोर बजेट दिने आश्वासन दियो । चौकी मर्मत संभारकै लागि भएपनि आउने बजेट विष्टले स्वीकारे । तर सिमभन्ज्याङ चौकीका प्रहरी 'टेन्ट'मा बसेकाले मर्मत संभार हुने कुरै थिएन । जसोतसो मन्त्रालयबाट ३ लाख रूपियाँ सहयोग भने प्राप्त भयो । तीन लाखले भवन बन्नेवाला थिएन । पालिकासंग भवन निर्माणसंग मिल्दोजुल्दो शीर्षकमा जम्मा ४ लाख रूपियाँ मात्र बजेट थियो । कम लगानीमा चार कोठे घर बनाउन कोही अघि सरेनन् । जम्मा ७ लाख रूपियाँमा शौचालयसहितको घर बनाउन पर्ने अवस्था आएपछि स्थानीय व्यवशायी दिपक हमाल भने पछि परेनन् । उनले आफ्नो सामाजिक उत्तरदायित्व समेत सम्झेर ७ लाखमा शौचालय सहितको ४ कोठे घर छाएर उभ्याइदिए । निर्माण कार्यमा उपभोक्ता समितिले हातेमालो गरे, स्थानीयहरूले सकेको भरथेग गरे । हमाल स्थानीय ब्लक व्यवशायी हुन् । थाहा-४ मा उनको इजी आइ ब्रिक्स व्यवशाय संचालनमा छ । 'जो कोहीले यसरी सामाजिक काममा सहयोग गर्दैनन्, दिपक हमालले यो कार्यमा सहयोग गर्नु भो, धेरै-धरै धन्यवाद छ'-प्रमुख विष्टले भने । सम्झौताको छोटो अवधिमा निर्माण सम्पन्न भएको घर ९ फागुनमा मकवानपुरका प्रहरी उपरीक्षक सोमेन्द्रसिं राठोरलाई नगर प्रमुख विष्टले हस्तान्तरण गरे ।



सिमभन्ज्याङ प्रहरी चौकीको भवन पहिलेको तुलनामा मजबुद भएको छ । प्रहरीहरू 'टेन्ट'बाट घरमा सरेका छन् । नयाँ बनेको घरमा थाहा नगरपालिकाले विद्युत वाइरिङ पनि गरिदिएको छ । पालिकाले कोठाहरूमा सिलिङ ठोकिदिएको छ । स्थानीयहरूको सहयोगमा चौकी रंगरोगन र झ्याल ढोकामा पर्दा हालिएको छ । सुत्न समेत सकस व्यहोर्दै आएका दिनहरूपछि अब सजिलो भएको प्रहरी चौकीका हवल्दार सुमन ढकालले बताए । 'चिसो न वर्षा असाध्यै कठीनसंग ड्युटी गर्नुपर्थ्यो, ड्युटी सकेसी पनि उस्तै कठिन बसाइ हुन्थ्यो अब घर बनेर हामीले पायौं निकै सजिलो हुने भयो'-ढकालले भने । नगरका धेरै कुरामा सहकार्य गर्दै आएको थाहा नगरपालिकाले प्रहरीलाई सुरक्षा दिन बस्ने घर बनाइदिएकोमा इलाका प्रहरी कार्यालय प्रमुख विकास तामाङले नगरपालिकालाई धन्यवाद दिए । नागरिकलाई सुरक्षा प्रदान गर्नेहरू नै असुरक्षित रहनुपरेको बाध्यताबाट मुक्ति दिने अभियानमा सहयोग गरेकोमा पालिकाप्रति तामाङले आभार व्यक्त गरे ।

सिमभन्ज्याङमा प्रहरी सहायक निरीक्षक गणेश थापाको नेतृत्वमा ६ जना सुरक्षाकर्मी रहेका छन् । प्रहरीका लागि यसरी भवन बनाएर हस्तान्तरण गर्ने स्थानीय तह थाहा नगरपालिकाप्रति मकवानपुरका प्रहरी उपरीक्षक सोमेन्द्रसिं राठोरले खुशी व्यक्त गरे । सुरक्षा व्यवस्थापनमा स्थानीय तहले सहयोग गर्दा शान्ति सुरक्षामा ठूलो मद्दत मिल्ने राठोरको भनाइ थियो । 'शान्ति सुरक्षा कायमका लागि थाहा नगरपालिकाले नमुना काम गरेर आफूलाई उदाहरणीय तुल्याएको छ', उनले भने-'नगर प्रमुख ज्यूले हस्तान्तरण गर्नुभएको घरको सांकेतिक साँचो जिल्ला कार्यालयको आफ्नो कार्यकक्षमा प्रहदर्शनीमा राख्छु ।' कार्यक्रममा थाहानगर उपप्रमुख खड्ग गोपालीले आफूले अनुगमन लगायतको बेलामा थप सुझाव दिएका कारण भवन मजबुद भएको उल्लेख गरे । प्रहरीको लागि भवनलाई आवश्यक पर्ने सहयोग र सहजीकरण हुने गोपालीले बताए । थाहा नगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधानले सिमभन्ज्याङमा जस्तै टिष्टुङ र बज्रवाराहीमा पनि प्रहरी चौकीको काम गरिरहेको र त्यसको सुनुवाई आवश्यक भएको बताए । समूदायको तर्फबाट मन्तव्य व्यक्त गर्दै प्रधानले खराब काम गर्ने प्रहरीबाट भाग्ने र राम्रो मनशाय हुनेका लागि प्रहरी सँधै आवश्यक भएको औल्याए ।

सामुदायिक सेवा केन्द्र पालुङका अध्यक्ष धर्म प्रधानले स्वागत मन्तव्य व्यक्त गरेका थिए । थाहा नगरपालिकाका प्रशासन महाशाखा प्रमुख अजित घिमिरे, कार्यक्रममा थाहा-४ का वडा अध्यक्ष दिपकसिं लामा, थाहा नगरपालिकाका राजनीतिक सल्लाहकार विष्णु विष्ट 'आदर्श', इलाका प्रहरी कार्यालय पालुङका प्रमुख विकास तामाङ, थाहा होटल एशोसिएशनका अध्यक्ष शिवकुमार खत्री, भवन निर्माण समितिका अध्यक्ष जित बहादुर थोकर, बजार व्यवस्थापन समितिका पदाअधिकारीहरू लगायतको उपस्थिती रहेको थियो । सिमभन्ज्याङ प्रहरी चौकी वि.सं. २०६४ सालमा स्थापना भएको हो ।



# थाहानगरमा भूतपूर्व सैनिक कृषि सहकारी शुभारम्भ

◆ विकास संवाददाता

नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघ जिल्ला कार्यसमिति मकवानपुरले जिल्लामा पहिलोपटक भूतपूर्व सैनिक कृषि सहकारी संस्था स्थापना गरेको छ । थाहा नगरपालिकाका उपप्रमुख खड्गबहादुर गोपाली र श्री नम्बर ७ बाहिनी अड्डा चनवनका प्रमुख सेनानी देव क्षेत्रीले १४ फागुनमा सहकारीको विधिवतरूपमा उद्घाटन गरे ।

भूतपूर्व सैनिकहरू सदस्य हुन पाउने व्यवस्थासहित स्थापना गरिएको कृषि सहकारी संस्थाले भूतपूर्व सैनिकहरूलाई कृषि व्यवसायमा लाग्न प्रेरित गर्ने उद्धेश्य राखेको छ । भूतपूर्व सैनिकको सेवा निवृत्त जीवन उद्यमशीलतामा व्यतित होस् भन्ने उद्धेश्यले भूतपूर्व सैनिक कृषि सहकारीको स्थापना गरिएको संस्थाका अध्यक्ष सूर्यबहादुर थापाले बताए ।

सहकारी व्यवसायको अतिरिक्त नेपाली सेना कल्याणकारी बोर्डले उपलब्ध गराउने सेवाहरूमा समेत सहकारीले सहजीकरण गर्ने अध्यक्ष थापाको भनाई रहेको छ । भूतपूर्व सैनिकहरूको नि:शुल्क उपचार हुँदै आएकोमा नियमित औषधि सेवन गरिरहेका दीर्घरोगी भूपू सैनिकहरूका लागि सहकारीमार्फत् नै औषधि ल्याउने व्यवस्था गरिने पनि उनले जानकारी दिए ।




भूतपूर्व सैनिक कृषि सहकारी संस्थाको कार्यालय उत्तरी मकवानपुरको थाहा नगर पालिका वडा नम्बर ३ घट्टेचौरमा स्थापना गरिएको छ । सहकारी उद्घाटन कार्यक्रममा नगर उपप्रमुख गोपाली, थाहा-५ का वडा अध्यक्ष विष्णुबहादुर गुरूङ, पत्रकार कुमार नेगी, पाथीभरा बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक राजाराम कार्की, जनकल्याण माविका सहायक प्रधानाध्यापक कृष्णबहादुर विष्ट, थाहा-३ का वडा सदस्य इन्द्रजंग खड्का लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

सहकारी संस्थाका अध्यक्ष सूर्यबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रम नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघका जिल्ला अध्यक्ष कमलकुमार केसीले संचालन गरेका थिए भने सहकारीका कोषाध्यक्ष नवराज ढकालले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

# जन्मदिनको अवसरमा फर्निचर सहयोग

◆ विकास संवाददाता

पालुङ जेसीज वर्ष २०२१ का कोषाध्यक्ष निरज रायमाझीले आफ्नो जन्मदिनको अवसरमा फर्निचर सहयोग गरेका छन् । कोषाध्यक्ष निरजले रायमाझी कुलदेवता समितीलाई १२ फागुनमा फर्निचर सहयोग गरेका हुन् । रायमाझी कुलदेवता समिति मकवानपुरका उपाध्यक्ष सुकदेव रायमाझीलाई फर्निचर सहयोग गरेका हुन् ।

हस्तान्तरण कार्यक्रममा रायमाझी कुलदेवता समिति मकवानपुरका सचिव राजाराम रायमाझी र कोषाध्यक्ष तस्वीर रायमाझीको पनि उपस्थिती रहेको थियो । पालुङ जेसीज वर्ष २०२१ का अध्यक्ष नवराज लामाको सभाध्यक्षतामा कार्यक्रम भएको थियो ।

कार्यक्रममा पालुङ जेसीज २०२० का निवर्तमान अध्यक्ष जेसी मनोज रायमाझी, कानुनी सल्लाहकार अनिता बिष्ट, महासचिव संगम कार्की, पर्यटन संयोजक गणेश बिष्टलगायतकाको उपस्थिती रहेको थियो ।

# थाहा र इन्द्रसरोवर सुपरजोनका लागि सिफारिस




◆ विकास संवाददाता

मकवानपुरमा संचालन भैरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परि योजना तरकारी जोनलाई सुपरजोनमा स्तरोन्नतीका लागि सिफारीस गरिएको छ ।

बैठकले विगत ४ वर्ष देखि मकवानपुरको थाहा नगरपालिका र ईन्द्रसरोवर गाउँपालिकामा संचालित परियोजनालाई सुपरजोनका लागि सिफारिस गरेको हो । प्रधानमन्त्री कृषि आधुनिकीकरण जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिको १२ फागुनमा बसेको बैठकले तरकारी जोनलाई सुपरजोनमा स्तरोन्नती गर्न सिफारिस गर्ने निर्णय गरेको हो । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख एवम् जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिका अध्यक्ष रघुनाथ खुलालको अध्यक्षतामा बसेको बैठकले जिल्लामा सञ्चालित तरकारी जोनलाई सुपरजोनका लागि सिफारीस गरेको हो ।

सुपरजोनका लागि जिल्ला समितिले प्रदेशको कृषि मन्त्रालयमा र प्रदेश मन्त्रालयले केन्द्रमा सिफरीस गरेर निर्धारण हुने अध्यक्ष खुलालले बताए । बैठकले जिल्लामा जिल्लामा उत्पादित बालिहरूको प्राथमिकिकरण समेत गरेको छ । स्थानीय तहहरूका कृषि शाखा तथा प्रतिनिधिबाट प्राप्त तथ्याङ्कको आधारमा जिल्लामा खेती भईरहेका बालिहरू तथा पशु व्यवसायको प्राथमिकिकरण गरिएको उनले बताए । स्थानीय तहहरूबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लामा एक नम्बरमा तरकारी/आलु खेतीलाई प्राथमिकिकरण गरिएको छ । यस्तै दोस्रोमा मकै, तेस्रोमा बाख्रा पालन, चौथोमा धान र पाँचौमा अदुवा/बेसारलाई प्राथमिकिकरण गरिएको उनले जानकारी दिए ।

बैठकमा समितिका सदस्यहरू प्रमुख जिल्ला अधिकारी गोविन्द प्रसाद रिजाल, भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख सुशील केसी, परियोजना प्रमुख महेश्वर लामिछाने लगायतको सहभागिता थियो ।

## साना व्यवशायीलाई... ..

वितरण गर्ने कार्यविधिमा उल्लेख छ । ति सहकारीले बिउ पुँजी लगेको मितिले अनिवार्य रूपमा वार्षिक व्याज २ प्रतिशतले हुन आउने रकम पालिकाको चालु कोषमा दाखिला गर्नुपर्ने नियम छ । चालुकोष परिचालनको लागि छनौट भएको समूह/समिति/संस्थाले ५ प्रतिशत भन्दा बढिमा कर्जा प्रवाह गर्न नपाउने व्यवस्था छ । यद्यपि विऊ पुँजी रकम वितरण कामर्यक्रममा नगष्र प्रमुख लवशेर विष्टले कमभन्दा कममा कर्जा लगानी गरी साना र विपन्न व्यवशायी प्रवर्द्धन गर्न आग्रह गरेका छन् । प्रमुख विष्टले भने-'विपन्न व्यवशायी माथि उठेमा सम्वृद्धिको आधार तय हुनेछ ।' कार्यविधि अनुसार चालुकोष परिचालनको सम्पूर्ण अनुगमन थाहा नगरपालिकाले गर्नेछ ।

नगरपालिकाको कार्यविधि अनुसार चालुकोष रकम अन्य क्षेत्रमा प्रयोग वा खर्च गर्न नपाइने व्यवस्था छ । कोष संचालन समितिको संयोजक नगर प्रमुख हुने व्यवस्था छ भने सदस्यहरूमा प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास समिति संयोजक, लेखा शाखा प्रमुख, सामाजिक विकास शाखा प्रमुख र सदस्य सचिवमा महिला तथा वालवालिका शाखा प्रमुख रहने व्यवस्था छ ।

सम्झौता अनुसार चालुकोष परिचालन गर्ने सस्थाले प्रत्येक असार १० भित्र नियमानुसार चालुकोषको साँवा र व्याज समेत फिर्ता गर्नुपर्ने छ । प्रभावकारी देखिएमा पुन: म्याद थप गरिने पालिकाले जनाएको छ । यसको अनुगमण, मुल्याङ्कन तथा सिफारीस गर्ने पनि कार्यविधि अनुसार समिति गठन गरिएको छ । प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको समितिमा योजना अनुगमन तथा प्रशासकिय अधिकृत सदस्य तथा सामाजिक विकास शाखा प्रमुख सदस्य सचिव रहने व्यवस्था कार्यविधिमा छ ।

# नेकपा थाहानगर अध्यक्षमा ढकाल सचिवमा नेगी

◆ विकास संवाददाता

बागमती प्रदेशका मुख्यमन्त्री डोर मणी पौडेलले थाहा नगरको बिकासको जिम्मा लिने बताएका छन् । नेपाल कम्युनिस्ट पार्टी नेकपाथाहा नगर विस्तारित भेलालाई सम्बोधन गर्दै मुख्यमन्त्री पौडेलले जिल्लाको उत्तर क्षेत्रलाई नगरको रूपमा स्थापित गर्न आफ्नो प्रमुख भुमिका रहेको बताउदै अब यस नगरको बिकासको जिम्मा पनि आफुले लिने प्रतिबद्धता व्यक्त गरे ।


अच्युतम प्रसाद ढकाल


कुमार नेगी

यस्तै सरकारले काम गरेन भनेर आलोचना मात्रै गर्नेसङ्ग सरकारले के–के काम गरेन भनेर प्रतिप्रश्न गर्नुपर्ने बताए । देशमा जुनसुकै माध्यमबाट भएका कामहरू अहिलेको केपी शर्मा ओलिको नेतृत्वको सरकारले गरेको भनी सबैले बुझ्न र बुझाउन जरूरी रहेको बताए । नेकपा बागमती प्रदेश कमिटी सचीव खेम लोहनीले देशमा मडारिरहेको कालो बादललाई छिचोल्दै उज्यालो ल्याउन सफल हुने बिश्वास व्यक्त गरे । उनले भने –"हाम्रो काधमा अहिले संगठन निर्माण गर्दै जनतासमक्ष जाने, सरकार विरूद्धको भ्रमहरू चिर्दै जाने र निर्वाचनको माहौल तयार पर्नुपर्ने जिम्मेवारी छा" यसलाई सबै मिलेर पूरा गर्नुपर्छ ।

यस्तै नेकपा केन्द्रिय सदस्य एवं मकवानपुर इन्चार्ज रामेश्वर रानाले जनताको बिचमा रहेको भुमी सम्बन्धि समस्याको समाधानको लागि सबै जिल्लामा भुमी सम्बन्धि समस्या समाधान आयोगमार्फत जनतालाई भुमिको अधिकार दिलाउन सरकार लागिपरेको बताए ।

केन्द्रिय सदस्य एवं संविधानसभा सदस्य सुबासचन्द्र ठकुरी, प्रल्हाद लामिछाने र केन्द्रिय सदस्य एवं प्रदेशसभा सदस्य जुनेली श्रेष्ठले प्रधानमन्त्रीलाई संविधानले दिएको अधिकारलाई प्रयोग गरिएको बताए । यो संबैधानिक कदम हो, देशमा अराजकता मच्चाउन चाहने व्यक्तिहरूले भ्रम फैलाउदै प्रधानमन्त्रीको कदम असंबैधानिक भनेर भ्रमित बनाउन खोजिरहेकोले कोहि भ्रमामा नपर्न र जनताको बिचमा जाने कुरालाई सबैले स्वीकार गर्नुपर्नेमा उनीहरूले जोड दिए ।

भेलाले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) थाहानगर कमिटिको अध्यक्षमा अच्युतम प्रसाद ढकाल चयन गरेको छ । सचिवमा कुमार नेगीलाई चयन गरेको छ । बागमती प्रदेशका मुख्य मन्त्री डोरमणी पोडेलको प्रमुख आतिथ्यमा भएको भेलाले यसअघिका नेकपा थाहा नगर कमिटिका अध्यक्ष अरूण रायमाझी र सचिव सानुकाजी गोपालीलाई पदमुक्त गरेको छ । भेलाले नयाँ नगर सदस्यहरू समेत थप गरेको छ ।

यस्तै भेलामा नेपाली काङ्ग्रेस र अन्य पार्टी परित्याग गरि करिब १०० जना युवाहरू नेकपामा प्रवेश गरेका छन ।

## खेल प्रेमीहरूका लागि सूचना !

विकास अनुशासन गतिशिलता

**थाहानगर खेलकुद विकास समितिले नगरस्तरीय खेलाडी छनोट गर्ने कार्यक्रम अन्तर्गत नगरस्तरीय महिला भलिबल खेलाडी छनोटका लागि अभ्यास कार्य सुरुवात गरेको जनानकारी गराउँदै इच्छुक खेलाडीहरुले तपशिलका पदाअधिकारीहरुसंग सम्पर्क गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै, थाहा गोल्डकप प्रतियोगिताबाट छनौट भएका पुरुष फुटबल खेलाडीहरुलाई समेत नगरस्तरीय फुटबल टिम छनोट छिटै हुने हुँदा आवश्यक अभ्यास जारी राख्नका लागि समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।**

सम्पर्कः
- अनिल लामिछाने, सामाजिक विकास शाखा थाहा नगरपालिका : ९८५५०७५३४१
- बच्चुराम केसी सदस्य थाहानगर खेलकुद विकास समिति : ९८४५१२३३२०
- राधा गोपाली टिम लिडर : ९८४०१२५४६६

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

# टिष्टुङमा ११ थान मिनिटिलर वितरण

◆विकास संवाददाता

थाहा नगरपालिका वडा न ११ को कृषक समुहलाई ११ वटा मिनिटिलर र २ वटा विरूवा रोप्ने ड्रील मेशिन वितरण गरिएको छ ।

वडा कार्यालयको प्राङ्गनमा अध्यक्ष किरण मान बलको सभाध्यक्षतामा भएको कार्यक्रममा कारीतास जर्मनीको ६० प्रतिशत आर्थिक अनुदानमा वडाका कृषक समूहहरूलाई बितरण गरिएको हो ।

थाहा नगरपालिका कृषि विकास शाखा र वडा नं ११ को समन्वय तथा जागृति वाल तथा युवा सरोकार नेपालको सहजीकरण र व्यवस्थापनमा भएको कार्यक्रममा थाहानगर कृषि विकाश शाखा प्रमुख संजय तिवारी, जागृति वाल तथा युवा सरोकार नेपालका कार्यकारी निर्देसक प्रकास खड्का, कारीतास जर्मनीका सुमन खड्काको आतिथ्यमा वितरण गरिएको थियो

यस वर्ष माग भए अनुसारको उपकरण वितरण गरिएको थाहाको ११ नम्वर वडामा यस बर्ष २ हजार ओखरको विरूवा र १ लाख चियाको विरूवा रोप्ने कार्यक्रम पनि रहेकोले निकै नै उपलव्धि हुने थाहा नगरपालिका कृषिशाखा प्रमुख तिवारीले बताए । ड्रिल मेशिनले विरूवा रोप्ने र वितरीत मिनिट्रिलरले कृषकहरूको लगानीमा कमी भै उत्पादन वृद्धि हुने भएकोले वडाको समृद्धिमा निकै नै प्रभावकारी हुने वडा अध्यक्ष किरनमान बलले बताए ।



## खेल प्रेमीहरूका लागि सूचना !

विकास अनुशासन गतिशिलता

**मकवानपुर थाहा नगरपालिका खेलकुद विकास समितिको आयोजनामा "स्वस्थ मुटुको लागि दौड" भन्ने नाराका साथ यहि मिति २०७७ फागुन २१ गते एथ्लेटिक्स अन्तर्गतको पुरुष १० किलोमीटर दौडको आयोजना हुन लागेको हुँदा इच्छुक थाहानगरबासीले मिति २०७७ फागुन १८ गतेभित्र नाम दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।**

पुरस्कार राशीः
प्रथम पुरस्कार : नगद रु. २०,००० तथा शिल्ड र प्रमाणपत्र
द्वितीय पुरस्कार : नगद रु. १० हजार शिल्ड र प्रमाणपत्र
तृतीय पुरस्कार : नगद ५ हजार शिल्ड र प्रमाणपत्र
नाम दर्ता गर्ने स्थान : थाहा नगरपालिका सामाजिक सविकास शाखा

सम्पर्क व्यक्ति तथा मोबाइल नम्बर
अनिल लामिछाने ९८५५०७५३४१

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर







● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी